नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## श्रव्यदृश्य शाखा

सानोठिमी, भक्तपुर

प.सं. : २०७८/७९
च.नं. : ३२

मिति: २०७८।०७।०८

श्री शिक्षा विकास तथा समन्वय इकाइ
सबै ।

विषय : विद्यालय छनोट गरी पठाउने सम्वन्धमा ।

प्रस्तुत सन्दर्भमा यस केन्द्र र नेपाल टेलिभिजनको सहकार्यमा विगत लामो समयदेखि विद्यालय सुधार र गुणस्तरिय शिक्षा अभिवृद्धिका लागि असल अभ्यास तथा उत्कृष्ट कार्य गर्दै आएका विद्यालय एवम् शैक्षिक संस्थाहरूका गतिविधिहरूलाई समेटेर कार्यक्रम उत्पादन गरी हरेक मङ्गलवार बेलुका ७:०० बजे नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट २५ मिनेट समयावधिको शैक्षिक टेलिभिजन कार्यक्रम "शिक्षाको चौतारी" प्रसारण गरिँदै आएको व्यहोरा जानकारी नै छ । सोही अनुसार चालु आ.व.मा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिने प्रयोजनार्थ तपसिलको ढाँचामा तहाँ जिल्ला स्थित: असल अभ्यास तथा शैक्षिक उन्नयनमा उत्कृष्ट कार्य गरेका १. सामुदायिक विद्यालय २. प्राविधिक धार सञ्चालित विद्यालय ३. अनौपचारिक (प्रौढ, खुला तथा वैकल्पिक, परम्परागत र सामुदायिक सिकाइ केन्द्र) विद्यालयमध्येबाट १।१ ओटा पर्नेगरी तीन ओटा विद्यालय एवम् संस्था छनोट गरी यही कात्तिक ३० गतेभित्र अनिवार्यरूपमा यस शाखाको Email: radiodeol@gmail.com मा पठाउन हुन अनुरोध छ । यसरी इकाइबाट छनोट भई आएका विद्यालय, शैक्षिक संस्थाहरूको गतिविधि छायाङ्कन गर्न नेपाल टेलिभिजनका प्राविधिक तहाँ जिल्लामा आएको समयमा आवश्यक सहयोग पुऱ्याउनु हुनसमेत अनुरोध छ ।

रुद्रप्रसाद भट्टराई
शाखा अधिकृत

तपसिल

छनोट गरिएका विद्यालय/शैक्षिक संस्थाहरूको विवरण

| क्र.स. | विद्यालय/शैक्षिक संस्थाको नाम | ठेगाना | प्र.अ./प्रमुखको नाम | मोवाइल नं. | उत्कृष्टताको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

*द्रष्टव्य : उत्कृष्टताको क्षेत्र भन्नाले उत्कृष्ट सिकाइ उपलब्धि, गुणस्तरीय शिक्षा, उत्कृष्ट व्यवस्थापन, उत्कृष्ट पूर्वाधार, उल्लेख्य विद्यार्थी सङ्ख्या, विद्यालय सुसाशन, विद्यालयमा जनसहभागिता, अतिरिक्त तथा सह क्रियाकलाप आदि पक्षलाई लिने । साथै यस पूर्व यसै कार्यमा छनोट भई कार्यक्रममा परिसकेका विद्यालय तथा शैक्षिक संस्थाहरू छनोट नगर्ने ।*